प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

# महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई एड्भान्स तालिम निर्देशिका २०७५,

प्रस्तावना :

नेपालको संविधान २०७२ को धारा ३५ 'क' ले नागरिकको निशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार लाइ सुनिश्चित गरेको छ । संविधान प्रद्दत आधारभूत स्वास्थ्य सेवा प्रदेश भित्र वसोवास गर्ने जनताहरुको आवश्यकता अनुसार प्रदान गर्नु प्रदेशको जिम्मेवारी रहेको छ साथै दिगो विकास लक्ष्य प्राप्तिका लागि मातृ शिशु तथा नवजात शिशु मृत्युदर घटाउनु प्रदेशको एक चनौती रहेको छ । उक्त गहन जिम्मेवारी पूरा गर्न प्रदेशका जनता विशेष गरी महिला तथा बालबलिकाहरुको स्वास्थ्य स्तर उकास्नु तथा नयां स्वास्थ्य नीति अनुसार गुणस्तरीय स्वास्थ्य सेवाको पहूँचमा वृद्धि गर्नु आजको आवश्यकता हो। उक्त आवश्यकता लाइ मध्यनजर गर्दै आधारभूत तालिम लिई सकेका प्रवेशिका परीक्षा उत्तीर्ण भएका सम्बिन्धित स्थानिय तहका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाइ एड्भान्स तालिम दिई उनीहरुको स्वास्थ्य सम्बन्धी आधारभूत ज्ञान, सीप र क्षमतामा अभिवृद्धि गरी सेवाको गुणस्तर वृद्धि गर्ने र आधारभूत स्वास्थ्य सेवाको पहूँच बाट टाढा रहेका जनताहरुलाई अति आवश्यक आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न गराउनमा सहयोग गर्ने उद्धेश्यले यो निर्देशिका तयार गरिएको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः** (क) यो निर्देशिकाको नाम "महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई एड्भान्स तालिम निर्देशिका २०७५" रहेको छ ।

(ख) यो निर्देशिका स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "प्रदेश" भन्नाले प्रदेश नं. ५ भन्ने बुझिन्छ ।

(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय भन्ने बुझिन्छ ।

(ग) "महिला स्वास्थ्य स्वयं सेविका" भन्नाले स्वास्थ्य सेवालाई समुदाय सम्म पुर्याउनको लागि पुलको कार्य गर्ने सेवाको भावनाले प्रेरित स्वास्थ्य सम्बन्धि आधारभूत तालिम प्राप्त स्वयं सेवी महिलालाई बुझाउछ ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

(घ) "आधारभूत तालिम" भन्नाले महिला स्वास्थ्य स्वयम् सेविकाहरुद्धारा समुदायमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि संघीय सरकारद्धारा तयार गरिएको १८ दिनको तालिमलाई बुझिन्छ ।

(ङ) "आकस्मिक सेवा" भन्नाले दैवी प्रकोप तथा दुर्घटनामा परेको अवस्थामा घाइतेको जीवन बचाउन तुरुन्त दिनुपर्ने सेवालाई बुझिन्छ ।

(च) "एड्भान्स तालिम" भन्नाले आधारभूत तालिम लिएका महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि आमा सुरक्षा सेवा, नवजात शिशु सेवा, बाल स्वास्थ्य सेवा, पोषण, परिवार नियोजन सेवा, खोप सेवा, प्राथमिक उपचार सेवा, स्वास्थ्य शिक्षा तथा स्वास्थ्य प्रवर्द्धन, नसर्ने रोग व्यवस्थापनका लागि आयूर्वेद चिकित्सा र प्रेषण प्रणाली समेत व्यवस्था गरी ३ महिनाको लागि तयार गरिएको तालिमलाई बुझिन्छ ।

(छ) "समिति" भन्नाले एड्भान्स तालिम व्यवस्थापन समिति भन्ने बुझिन्छ ।

(ज) "थप सुविधा" भन्नाले एड्भान्स तालिम पश्चात उक्त तालिम अनुसारको कार्य गरे वापत समितिले व्यवस्था गरे अनुसारको सुविधालाई बुझिन्छ ।

(झ) "संयोजक" भन्नाले महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई एड्भान्स तालिमको सम्पूर्ण व्यवस्थापन गर्ने व्यक्ति सम्झनु पर्दछ ।

**३) तालिममा सहभागिहरुको छनौट मापदण्ड**

(क)तालिममा प्रदेशका १२ वटै जिल्लाबाट प्रतिनिधित्व हुने गरी महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई समावेश गर्नुपर्नेछ।

(ख) समुदायस्तरमा कार्यरत आधारभूत तालिम लिईसकेका प्रवेशिका परीक्षा उत्तीर्ण भएका र एड्भान्स तालिम लिनका लागि इच्छुक महिला स्वास्थ्य स्वयं सेविका हुनुपर्नेछ ।

(ग)महिला स्वास्थ्य स्वयं सेविकाहरुको उमेर २० देखि ३५ बर्ष उमेर समूह भित्र हुनुपर्नेछ ।

(घ) छनौट भएका महिला स्वास्थ्य स्वयं सेविका स्थानिय पालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ ।

(ङ) तालिम पश्चात महिला स्वास्थ्य स्वयं सेविकाहरुले कम्तीमा एक साविककै स्थानिय पालिकामा काम गर्न मन्जुर हुनुपर्नेछ ।

(च) तालिममा पिछडिएका दलित, मधेशी, मुस्लिम तथा जनजाति र विकट स्थानका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्राथमिकता दिइनेछ ।

(छ) यस तालिमको लागि इच्छुक महिला स्वयम् सेविकाहरुले अनुसूचि १ अनुसारको फारम भरेर तालिम केन्द्रमा बुझाउनुपर्नेछ ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

**४) सहभागी मनोनयन**

(क) एड्भान्स तालिम व्यवस्थापन समितिद्धारा दफा ३ बमोजिमका मापदण्ड पूरा गरेका महिला स्वास्थ्य स्वय सेविकाहरु मनोनयन हुनेछन् ।

(ख)सहभागि संख्या प्रति व्याचमा १० देखि १५ जना सम्म समावेश गर्न सकिनेछ ।

**५) तालिम सञ्चालन पूर्व तयारीः**

(क) तालिम सञ्चालन हुनु भन्दा एक हप्ता अगाडि तालिम केन्द्रका संयोजकले सहभागी विवरण तथा अनुमानित खर्च विवरण तयारी गरी कार्यालय प्रमुखद्धारा स्वीकृत गराउनुपर्नेछ ।

(ख) तालिम सञ्चालन हुने स्थान, मिति र समय सहित कम्तीमा एक हप्ता अघि सहभागीलाई पत्राचार गर्ने र सो को जानकारी तालिम केन्द्रलाई दिने ।

(ग) तालिम मोडयुल, तालिम सामाग्री, स्टेशनरी, खाजा आदि व्यवस्था गर्ने ।

**६) तालिम सन्चालन प्रक्रिया**

(क) आमा सुरक्षा सेवा, नवजात शिशु सेवा, बाल स्वास्थ्य सेवा, पोषण, परिवार नियोजन सेवा, खोप सेवा, प्राथमिक उपचार सेवा, स्वास्थ्य शिक्षा तथा स्वास्थ्य प्रवर्द्धन, नसर्ने रोग व्यवस्थापनका लागि आयूर्वेद चिकित्सा र प्रेषण प्रणाली आदि संलग्न गरी तालिम केन्द्रले महिला स्वास्थ्य स्वयं सेविकाहरुको तीन महिने एड्भान्स तालिम पाठ्यक्रम मन्त्रालयबाट स्वीकृत गराउनुपर्नेछ ।

(ख) महिला स्वास्थ्य स्वयं सेविकाहरुको एड्भान्स तालिम पाठ्यक्रम स्वीकृत भइसकेपछि तालिम सन्चालनका लागि सहभागि छनौट गर्नुपर्नेछ।

(ग) तीन महिनाको पाठ्य योजना तयार गरी तालिम संचालन गर्नुपर्नेछ ।

## परिच्छेद २

**७) महिला स्वास्थ्य स्वयं सेविकाहरुको एड्भान्स तालिम व्यवस्थापनका लागि एड्भान्स तालिम व्यवस्थापन समिति देहाय बमोजिम गठन गरिनेछ ।**

(क) अध्यक्षः प्रमूख, प्रदेश स्वास्थ्य तालिम केन्द्र ।

(ख) सदस्यः अधिकृत स्तरको प्रतिनिधी, मन्त्रालय ।

(ग) सदस्यः जनस्वास्थ्य अधिकृत, प्रदेश तालिम केन्द्र।

(घ) सदस्यः अधिकृत स्तरको प्रतिनिधी, स्वास्थ्य निर्देशनालय ।

(ङ) सदस्य: स्वास्थ्य शिक्षा अधिकृत, प्रदेश तालिम केन्द्र ।

(च) सदस्य सचिव : नसिङ्ग अधिकृत, प्रदेश तालिम केन्द्र ।

**८) समितिको काम, कर्तव्य र अधिकार**

(क) महिला स्वास्थ्य स्वयं सेविकाहरुको एड्भान्स तालिम पाठ्यक्रम तयार गरी मन्त्रालयबाट स्वीकृत गराउने ।

(ख) महिला स्वास्थ्य स्वयं सेविकाहरुको एड्भान्स तालिम व्यवस्थित रुपले संचालन गर्नुपर्ने ।

(ग) आवश्यकता र समयानुकुल एड्भान्स तालिमको विषयवस्तु परिमार्जन गर्ने ।

(घ) एड्भान्स तालिम लिएका महिला स्वास्थ्य स्वयं सेविकाहरुको सेवा सुविधा सम्बन्धमा मन्त्रालय समक्ष सिफारिस गरी पठाउने ।

(ङ) तालिमको प्रभावकारीता मूल्यांकन गर्न तालिम पश्चात महिला स्वास्थ्य स्वयं सेविकाहरुको कार्यको अनुगमन तथा मूल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने ।

**९) समितिको बैठक त्रैमासिक रुपमा र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नसक्नेछ ।**

**१०) समितिको बैठक सन्चालन सम्बन्धी कार्यविधी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।**

**११) संक्रमणकालीन व्यवस्था: प्रदेश स्वास्थ्य तालिम केन्द्रमा जनशक्ति अभाव वा अन्य कारणले तालिम सन्चालन हुन नसकेको खण्डमा सो कार्यक्रम मन्त्रालय/निर्देशनालयबाट सन्चालन हुनेछ ।**

## परिच्छेद ३

**११) सेवा सुविधा सम्बन्धमा :**

(क) तालिम अवधिभर तालिम लिने महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई तालिमको लागि आउदा र फर्किदा लाग्ने यातायात खर्च दिइनेछ ।

(ख) दैनिक खाना खर्च तथा आवास खर्च स्वरुप अनुसुची २ मा व्यवस्था भए बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(ग) प्रशिक्षक तथा सहयोगीहरुको पारिश्रमिक अनुसुची २ मा व्यवस्था भए बमोजिम उपलब्ध गराइनेछ ।

परिच्छेद ४

१२) कार्यक्रमको वजेट बाँडफाँड

यस कार्यक्रमका लागि विनियोजित बजेटबाट प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५ बमोजिम बाँडफाड गरी स्वीकृत गराई तालिम सन्चालन गर्नुपर्नेछ।

१३) अभिलेख, अनुगमन तथा मूल्यांकन

(क) एड्भान्स तालिम पश्चात तालिम प्राप्त महिला स्वास्थ्य स्वयं सेविकाहरुको अभिलेख तालिम केन्द्रमा राखी सो को प्रतिवेदन मन्त्रालयमा पठाउनुपर्नेछ।

(ख) तालिम प्राप्त महिला स्वास्थ्य स्वयं सेविकाहरुको कार्य प्रगतिको प्रत्येक ६ महिनामा स्वास्थ्य निर्देशनालय अनुगमन तथा मूल्यांकन गरी सो को प्रतिवेदन मन्त्रालयमा पठाउनुपर्नेछ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

# अनुसूचि १

## एड्भान्स तालिमको लागि आवेदन फारम नमूना

(दफा ३ को उपदफा (छ) संग सम्बिन्धित)

१. नाम थर : सम्पर्क मोबाइल नम्बर :

२. उमेर : इमेल ठेगाना :

३. स्थायी ठेगानाः गा.पा. ⁄ न.पा. : वार्ड नं. :

४. जिल्ला :

५. जन्म मिति :

६. नागरिकता नं. :

७. शैक्षिक योग्यता :

८. बैबाहिक अवस्था :

९. पतिको नाम थर :

१०. कार्य अनुभव :

११. तालिम पश्चाात साविककै स्थानमा कार्य गर्न मन्जुर : रहेको ⁄ नरहेको

सही छाप

| बायाँ | दायाँ |
| --- | --- |
| | |

..........................

निवेदकको हस्ताक्षर

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

# अनुसूचि २

(दफा ११ को उपदफा (ख) र (ग) संग सम्बिन्धित)

## १.सहभागी तालिम भत्ता सम्बन्धि व्यवस्था

क) तालिम केन्द्र सहभागीको आफ्नो घर वा साविकको बसोबास स्थलबाट दैनिक ओहोर दोहोर गर्न नभ्याइने २० कि.मि. भन्दा टाढाको स्थान भएमा छात्राबास वा छात्रबास उपलब्ध हुन नसकेको अवस्थामा मासिक रु १५००० खान तथा बस्नको लागि एकमुष्ट उपलब्ध गराइनेछ ।

ख) छात्रावासमा बस्ने सहभागीहरुको लागि दैनिक खाना तथा खाजा खर्च रु ४०० उपलब्ध गराइनेछ वा मासिक रुपमा एकमुष्ठ रु १२,००० उपलब्ध गराइनेछ ।

## २. प्रशिक्षक भत्ता सम्बन्धि व्यवस्था

क) प्रत्येक दिन २ कक्षा भन्दा बढि कक्षा लिन पाइनेछैन र प्रतिकक्षा कार्यपत्रवापत रु १००० र कक्षा सञ्चालन वापत रु ७०० उपलब्ध गराइनेछ ।

ख) एउटा कक्षाको अवधि कम्तीमा १ घण्टा ३० मिनेटको हुनुपर्नेछ ।

ग) कार्यपत्र भन्नाले कम्तीमा ७५० शब्दको प्रबन्ध हुनुपर्नेछ ।

घ) प्रशिक्षक भत्ता सम्बन्धी माथि उल्लेखित तथा अन्य व्यवस्था प्रदेश सरकारको सार्वजनिक खचको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ भन्दा बढी हुने गरी खर्च गर्न पाईने छैन ।